४५१/६७

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २६९/२०७०/०७१

निर्णय नं.७२

रौतहट जिल्ला, भलोहिया गाविस वडा नं. ६ वस्ने प्रवीण कुमार शर्मा .............................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, राष्ट्रिय वाणिज्य बैंक, गौर, रौतहट .............................................१ विपक्षी
सूचना अधिकारी, राष्ट्रिय वाणिज्य बैंक, गौर, रौतहट .............................................१

विषय :- सूचना दिनु भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने

रौतहट जिल्ला, भलोहिया गाविस वडा नं. ६ वस्ने प्रवीण कुमार शर्माले राष्ट्रिय वाणिज्य बैंक, गौर, रौतहट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७१।११।१५ मा निवेदन गरेको । यस आयोगबाट मिति २०७१।०१।२२ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न राष्ट्रिय वाणिज्य बैंक, गौर, रौतहटलाई मिति २०७१।०१।२२ च.नं. ९२७ बाट लेखी पठाइएको र पुनः मिति २०७१।१०।२३, पु.च.नं. ६१५ बाट ताकेता पत्र समेत पठाएको । उक्त पत्राचार पश्चात उजुरीकर्ताबाट सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाइन भनी उजुरीकर्ता स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुंदा पछि उजुरीकर्ताले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउने गरीं हाललाई प्रस्तुत उजुरी तामेलीमा राखिएको छ । प्रस्तुत उजुरीको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज ६ गते रोज ४ शुभम् ।